नेपाल सरकार

# शहरी विकास मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाण्डौं, नेपाल ।

## शहरी विकास मन्त्रालयको मिति २०८१/१२/०५ मा भएको "PRESS NOTE" को विवरण

### १. मन्त्रालयको वित्तीय प्रगति

चालु आ.व. २०८१/८२ मा यस मन्त्रालयको बजेट जम्मा रू ९१ अर्व ३५ करोड २३ लाख रहेकोमा संघ तर्फ ६८ अर्ब २५ करोड ८३ लाख ३९ हजार रहेको छ। जसमध्ये चालु तर्फ रु. ४ अर्ब ४२ करोड ३८ लाख २३ हजार र पुँजीगत तर्फ रू ६३ अर्ब ८३ करोड ४५ लाख १६ हजार बिनियोजित छ । हालसम्म चालु तर्फको खर्च २५.२३ प्रतिशत रहेको छ भने पुँजीगत तर्फको खर्च १७.४३ % रहेको छ । समग्रमा हालसम्म जम्मा रू १२ अर्ब २४ करोड ३ लाख ८७ हजार अर्थात् १७.९३% खर्च भएको अवस्था छ।

### २. चालू आर्थिक वर्ष २०८१/८२ मा सहरी विकास मन्त्रालय (संघीय कार्यालय) बाट कार्यान्वयन हुने पूँजीगत कार्यक्रमहरूको प्रगति

चालू आ.व.को जम्मा ३ हजार ७ सय १६ वटा नयाँ कार्यक्रमहरू मध्ये जम्मा १ हजार ६ सय २३ वटा कार्यक्रमहरूको बोलपत्र आव्हान भईसकेको छ ।त्यसैगरी बोलपत्र आव्हान भएका १ हजार ६ सय २३ वटा कार्यक्रमहरू मध्ये पनि १ हजार ९८ वटा कार्यक्रमहरूको ठेक्का सम्झौता भई १२४ वटा कार्यक्रमहरूको निर्माण कार्य सम्पन्न भईसकेको छ। बोलपत्र आव्हान हुन नसकेका बाँकी २ हजार ९३ वटा कार्यक्रमहरू मध्ये २ सय ८८ वटा कार्यक्रमहरू बहुबर्षीय स्वीकृतिको लागि प्रस्तावित कार्यक्रमहरू हुन् भने ८० वटा कार्यक्रमहरू संशोधनको लागि प्रस्तावित कार्यक्रमहरू हुन्। संशोधनको लागि प्रस्तावित ८० वटा कार्यक्रमहरू मध्ये ४४ वटा संशोधन भई आइसकेको छ भने बाँकी संशोधन हुने प्रक्रियमा छन्।त्यसैगरी १ हजार ४ सय ५९ वटा पुराना (क्रमागत तथा बहुबर्षीय स्वीकृत कार्यक्रमहरू) मध्ये चालू आर्थिक बर्षमा जम्मा २ सय ८० वटा कार्यक्रम सम्पन्न भईसकेका छन् ।

### ३. हालसम्मको योजना कार्यान्वयनको अवस्था

सभाहल/ सिटिहलको निर्माण कार्य अन्तर्गत सुनसरीको लौकही सभाहल र बाँकेको नेपालगंज सिटिहलको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा लौकही सभाहलको निर्माण कार्य अन्तिम चरणमा रहेको र नेपालगञ्ज सिटिहलको ठेक्का अनुसारको निर्माण कार्य सम्पन्न भई विल फरफारकको अन्तिम चरणमा रहेको छ। त्यसैगरी भैंसेपाटी स्थित मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्य र चण्डीदल गणका लागि भवन निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म भैसेपाटी स्थित मन्त्री निवासको दोश्रो चरणको निर्माण कार्य ८० % सम्पन्न भई बाँकी निर्माण कार्य भईरहेको छ भने चण्डीदल गणका लागि भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको र प्रयोगमा आईसकेको छ।

यस आ.व. मा सघन शहरी तथा भवन निर्माण आयोजना ओखलढुङ्गाको कार्यालय भवन, नेपालगंज सिटी हल निर्माण,दमक व्यापारिक कम्प्लेक्स, नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली, भक्तपुर जिल्ला चाँगुनारायण

फोनः ०१-४२११८८३, ४२११६७३ फ्याक्स नं.: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np

नगरपालिका स्थित ऐतिहासिक शंखदह पुननिर्माण कार्य, जावलाखेल स्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको Interior कार्यको, पुल्चोक स्थित साँझा प्रकाशनको Annex Block र धनगढी सभाहल निर्माण कार्य सम्पन्न भई संचालनमा आएको ।

यस आ.व. मा १०० कि.मी ग्रामीण कालोपत्रे सडक निर्माण हुने लक्ष्य रहेकोमा हालसम्म झापा, रोल्पा र पर्वत गरी ३ जिल्लाहरुमा जम्मा ८.६ कि.मी. निर्माण भएको छ। त्यसैगरी जम्मा ३० वटा स्थानीय सडक पुल निर्माण गर्ने लक्ष्य रहेकोमा १. गेरूका नदी पुल, सर्लाही, २.माडर पुल निर्माण, सिरहा न.पा., ३. तपोवन चौलानी नदी मोटरेवल पुल दार्चुला, ४. लिखु खोलापुल, सोलुखुम्बु र ५. सुखचैना बुधौराको पूर्व पुल सिरहा गरी ५ वटा सडकपुल निर्माण सम्पन्न भईसकेको छ। त्यसैगरी ३३० वटा झोलुंगे पुल निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म १६२ वटा झोलुंगे पुल निर्माण सम्पन्न भएको छ।

स्थानीय तहबाट हुने सार्वजनिक सेवा प्रवाह सहज रूपमा दिने उद्देश्यका साथ यस मन्त्रालयले ६८ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म ३६ वटा स्थानीय तहहरुको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरी सार्वजनिक सेवा सुचारू भएको छ ।१२९ वटा पालिकाका प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेका छन्। त्यसैगरी गणेशमान स्मृति समावेशी भवन निर्माण कार्य पनि अन्तिम चरणमा रहेको छ। साथै यस आ.व. मा १७२३ हे. सिंचित क्षेत्रफल वृद्धि गर्ने उद्देश्य रहेकोमा साना सिंचाइ कार्यक्रम कार्यान्वयन अन्तर्गत ६७८ हे. क्षेत्रमा सिंचाई सुबिधा पुगेको छ ।

**४. अन्य भौतिक प्रगतिहरू**

- मिति २०८१/०८/२८ मा मन्त्री परिषदबाट राष्ट्रिय शहरी नीति स्वीकृत भएको छ।
- स्थानीय पूर्वाधार विकास विभागबाट त्रिवेणी सुस्ता बहुत्तरी झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न भई सम्माननीय राष्ट्रपतिज्यूबाट समुदघाटन भई संचालनमा आइसकेको छ।
- शहरी विकास तथा भवन निर्माण विभागबाट झापा स्थित दमक व्यापारिक कम्पलेक्सको निर्माण सम्पन्न भई सम्माननीय प्रधानमन्त्री ज्यूबाट समुदघाटन भएको छ ।
- काठमाडौं उपत्यका विकास प्राधिकरणबाट सार्वजनिक जग्गा संरक्षण अन्तर्गत कीर्तिपुरमा चम्पादेवी पार्क र भैंसेपाटि प्लाजा (पहिलो चरण) गरी दुई वटा पार्क निर्माण सम्पन्न भएको छ।
- बागमती सुधार आयोजना अन्तर्गत यस आ.व.मा २०० मीटर नदी तटबन्ध, ३५० मीटर सडक कालोपत्रे र १५० मीटर मुख्य ढल निर्माण भएको छ।

- संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट "कीर्तिपुर क्रिकेट मैदानमा अन्तराष्ट्रिय मापदण्ड अनुरूप प्यारापेट निर्माण कार्य र फ्लडलाईट जडान कार्यको २०८१ फागुनमा सम्झौता सम्पन्न भई २०८२ बैशाख २४ गतेभित्र कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अघि बढिरहेको छ।
- नगर विकास कोषबाट शहरी खानीपानी सरसफाई आयोजना अन्तर्गत ११ वटा आयोजना निर्माण सम्पन्न भएको र १६ वटा आयोजना स्तरउन्नति गरिएको छ।
- शहरी उत्थान तथा जिविकोपार्जन सुधार आयोजना अन्तर्गत नगरपालिकाहरुको समावेशी आर्थिक वृद्धि र जीवनयापनमा सुधार ल्याउने गरी एसीयाली विकास बैक सँग सम्झौता भई पोखरा, जनकपुर, देवदह, सेनामैना, लुम्बिनी सांस्कृतिक, सिद्धार्थनगर र तिलोत्तमा नगरपालिकामा कार्यक्रम अघि बढेको छ।
- मिति २०८१/६/३ गते देखि संविधान दिवसको दिनबाट धरहरा संचालनमा ल्याई परिक्षणको लागि धरहरा, बेसमेन्ट पार्किङ्ग र बगैंचा सर्वसाधारणको लागि खुल्ला गरिएको। हालसम्म १ लाख ३० हजार भन्दा बढीले भ्रमण गरेको र २ करोड ३७ लाख भन्दा बढी राजस्व संकलन भएको छ।

| | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालू | ४,४२,३८,२३ (रु. ४ अर्ब ४२ करोड ३८ लाख २३ हजार) | १११६३१७ (१ अर्ब ११ करोड ६३ लाख १७ हजार) | २५.२३ |
| पूजींगत | ६३,८३,४५,१६.२ (रू ६३ अर्ब ८३ करोड ४५ लाख १६ हजार ) | १११२४०६७ (११ अर्ब १२ करोड ४० लाख ६७ हजार) | १७.४३ |
| जम्मा | ६८२५८३३९ (६८ अर्ब २५ करोड ८३ लाख ३९ हजार ) | ६,३५,६२,८२ (१२ अर्ब २४ करोड ३ लाख ८७ हजार ) | १७.९३ |

नारायण प्रसाद मैनाली
(प्रवक्ता)